# “ कोभिड-१९ को समुदाय स्तरमा संक्रमणको अवस्थामा केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल कार्य (CICT)”

# प्रोटोकल

**(मिति: २०७७ जेष्ठ १७)**

**इपिडेमिओलोजी तथा रोग नियन्त्रण माहाशाखा**
**स्वास्थ्य सेवा बिभाग**
**स्वास्थ्य तथा जनसंखा मन्त्रालय**

## पृष्ठभूमि

नेपालमा कोभिड-१९को संक्रमण समुदायमास्तरमा फैलिएको र दिन प्रतिदिन बिरामीकको दर बढ्दै गईरहेको अवस्थामा संक्रमणको चक्र तोड्न रोगको रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरु संचालन गर्नु अत्यावस्यक छ । व्यापक केश अनुसन्धान र कन्ट्याक्ट ट्रेसिंग, परीक्षण, क्वारेन्टिन तथा घर आइसोलेसनमा बसेका व्यक्तिहरुको निगरानी, तथा स्वास्थ्य सुरक्षाको मापदण्डको अनिवार्य पालना गरेमा मात्र संक्रमणको चक्र तोड्न सकिन्छ ।समयमानै केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल गरेमा ८५% सम्म थप संक्रमण रोकथाम गर्न सकिने भएकोले समुदायस्तरमा संक्रमण फैलिएको अवस्थामा पनि केश अनुसन्धान र कन्ट्याक्ट ट्रेसिङ अत्यन्त जरुरी छ । केश अनुसन्धान र कन्ट्याक्ट ट्रेसिङ कार्यलाई सहज गर्न २०७७ बैशाख ३० गते **"कोभिड-१९ का लागि केश अनसुन्धान तथा कन्ट्याक्ट खोजपड्ताल टीम परिचालन अन्तरिम निर्देशिका, २०७७"** प्रकाशित गरिएको थियो, साथै २०७७ जेष्ठ २४ मा केश अनसुन्धान तथा कन्ट्याक्ट खोजपड्ताल कार्य संचालनको लागि कार्यविधि "**Standard Operating Procedure for Case Investigation and Contact Tracing of COVID-19**" जारी गरिएको थियो । संक्रमणको कुनै पनि स्वरूपमा केश अनुसन्धान, कन्ट्याक्ट ट्रेसिंग र फलो अप कार्य अत्यावश्यक हुन्छ । २०७८ बैशाख ६ को राजपत्रमा प्रकासित आदेश **" नयाँ भेरीएन्ट सहितको कोभिड-१९ महामारीको दोश्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी आदेश, २०७८"** मा पनि केश अनुसन्धान र कन्ट्याक्ट खोजपड्ताल कार्यलाई उच्च प्राथमिकता दिइएको छ ।

सङ्क्रमणको स्तर अनुसार केश अनुसन्धान तथा कन्ट्याक्ट खोज्ने कृयाकलापहरुलाई परिमार्जित गर्नु पर्ने देखिन्छ । यसै सन्दर्भमा विस्व स्वास्थ्य संगठन द्वारा १ फेब्रुअरी २०२१ मा प्रकाशित **"Contact tracing in the context of COVID-19"** अन्तरिम निर्देशिकामा आधारित भई यो **"कोभिड-१९को समुदाय स्तरमा संक्रमण फैलिएको अवस्थामा केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल प्रोटोकल"** तयार गरिएको छ ।

## SARS- COV 2 संक्रमणको विभिन्न स्वरूप (transmission scenarios)

विस्व स्वास्थ्य संगठन द्वारा ४ नभेम्बर २०२० मा प्रकाशित "Considerations for implementing and adjusting public health and social measures in the context of COVID-19" र १६ डिसेम्बर २०२० मा प्रकाशित " Public Health surveillance for COVID-19" नामको अन्तरिम निर्देशिका अनुसार संक्रमण लाई ४ स्वरूपमा बिभाजन गर्न सकिन्छ ।

१) **सुन्य केश-** व्यापक र द्रुत रोग निगरानी (Surveillance) गर्दा पनि कोभिड-१९ का कुनै पनि नया संक्रमित बिगतका २८ दिनको अबधिमा देखा परेन भने, समुदायमा सुन्य केशको अवस्था मान्न सकिन्छ । सुन्य केश भएको बेला संक्रमणको जोखिम अत्यन्त न्युन रहेको मान्न सकिन्छ ।

२) **छरिएर रहेका (sporadic) केशहरु-** बिगतको १४ दिनमा निदान भएका सबै कोभिड-१९ का संक्रमितहरु छरिएका वा बाहिरबाट भित्रिएका अथवा बाहिरबाट भित्रिएका केशसंग जोडिएका छन् र स्थानीय तहमा संक्रमण फैलिएको कुनै निस्चित संकेत छैन भने केशहरु छरियका छन् र जोखिम न्युन रहेको मान्न सकिन्छ।

३) **क्लस्टरमा रहेका केशहरु-** बिगतको १४ दिन भित्र निदान गरिएका सबै कोभिड-१९ का संक्रमितहरु निस्चित समूह/ क्लस्टरमा सिमित रहेको र बाहिरबाट भित्रिएका केशहरुसंग सम्बन्ध नदेखिएको र यस्ता क्लस्टरहरु कुनै निस्चित समय, भौगोलिक स्थान वा एकै संक्रमणको श्रोतसंग जोडिएको छन् भने केशहरु क्लस्टरमा छन् र संक्रमण फैलिने जोखिम सामान्य रहन्छ।

४) **समुदायमा सक्रमण-** बिगतको १४ दिन भित्र निदान गरिएका कोभिड-१९ का संक्रमितहरु निस्चित समूह/ क्लस्टरमा सिमित नरहेको र कुनै निस्चित समय, भौगोलिक स्थान वा एकै संक्रमणको श्रोतसंग जोडिएका छैनन् भने समुदायमा केशहरु फैलिएको र संक्रमण फैलिने जोखिम सामान्य देखि उच्च भएको मान्न सकिन्छ।

- **समुदायमा सक्रमण (स्तर १)-** संक्रमित व्यक्तिहरु कुनै निस्चित जनसंख्यामा देख्न सकिन्छ र संक्रमण फैलिने जोखिम सामान्य रहन्छ।
- **समुदायमा सक्रमण (स्तर २)-** संक्रमित व्यक्तिहरु कुनै निस्चित जनसंख्यामा नरहने र संक्रमण फैलिने जोखिम मध्यम रहन्छ।
- **समुदायमा सक्रमण (स्तर ३)-** संक्रमित व्यक्तिहरु कुनै निस्चित जनसंख्यामा नरहने र संक्रमण फैलिने जोखिम उच्च रहन्छ।
- **समुदायमा सक्रमण (स्तर ४)-** संक्रमितहरु समुदायमा व्यापक रुपमा फैलिएको र संक्रमण फैलिने जोखिम अत्यन्त उच्च रहन्छ।

## संक्रमणको विभिन्न स्वरूपमा केश अनुसन्धान, कन्ट्याक्ट ट्रेसिंग र फलो अपको कार्य

संक्रमणको विभिन्न स्वरूपमा केश अनुसन्धान, कन्ट्याक्ट ट्रेसिंग र फलो अपको कार्य निम्न अनुसार गर्न सिफारिस गरिन्छ :

१) **सुन्य केश-** केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल गर्नको लागि व्यक्तिहरु तथा समुहको पहिचान गर्ने र आवश्यक तालिम, अभिमुखीकरण गरि दक्ष केश अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिंग समूह गठन गर्ने।

२) **छरिएर रहेका (sporadic) केशहरु-** सबै निस्चित केशहरुको घनिभूत केश अनुसन्धान गरि कन्ट्याक्टहरु पहिचान गर्ने र उनीहरुको अन्तरबार्ता गरि १० दिन सम्म निगरानी गर्ने।

३) **क्लस्टरमा रहेका केशहरु-** सबै निस्चित केशहरुको व्यापक र घनिभूत केश अनुसन्धान गरि कन्ट्याक्टहरु पहिचान गर्ने र उनीहरुको अन्तरबार्ता गरि १० दिन सम्म निगरानी गर्ने साथै संक्रमण फैलाउने घटना/ समय (event/ time) को पहिचान गर्ने ।

४) **समुदायमा सक्रमण-** यस्तो अवस्थामा सबै निस्चित केशहरुको घनिभूत केश अनुसन्धान, कन्ट्याक्ट पहिचान र उनीहरुको अन्तरबार्ता, १० दिनसम्म निगरानी गर्न नसकेता पनि केश अनुसन्धान तथा कन्ट्याक्ट खोजको कृयाकालापलाई थोरै परिमार्जित गरि केन्द्रीकृत (targated) रुपमा सुचारु गर्नुपर्छ । बढी संक्रमणको जोखिममा रहेको कन्ट्याक्टहरुलाई प्राथमिकता दिई केश अनुसन्धान तथा कन्ट्याक्ट खोजको कृयाकलाप गर्न सकिनेछ ।

## समुदाय स्तरमा सक्रमण फैलिएको अवस्थामा केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल कार्यमा स्वास्थ्यकर्मिको भूमिका

**केश अनुसन्धान र कन्ट्याक्ट पहिचान:**

- २४ घण्टा भित्र सन्क्रमित ब्यक्तिको अन्तर्वार्ता गरी कन्ट्याक्ट पहिचान गर्ने ।
- सके सम्म प्रत्यक्ष अन्तर्वाता गर्ने अथवा प्रत्यक्ष भेट घट गर्ने सम्भावना नभएमा फोन वा अन्य भर्चुअल माध्यमबाट अन्तर्वार्ता लिने, फारममा विवरण भर्ने र स्वास्थ्य सम्बन्धी परामर्श दिने ।
- केशहरुको विस्तृत अनुसन्धान गर्दा स्रोत पता लगाउन सकिएन, केशलाई कुनै पनि क्लस्टर (निस्चित भूगोल, समय, स्थान आदि) संग सम्बन्ध स्थापना गर्न सकिएन तथा समुदाय स्तरमा व्यापक संक्रमण फैलिएको प्रमाण प्राप्त भएमा केशहरुको स्रोत पता लगाउन कठिनाई भएता पनि यस्तो अवस्थामा सम्पर्कमा आएका कन्ट्याक्टहरुको व्यापक पहिचान र खोज पड्ताल कार्यलाई सुचारु गर्नु पर्ने हुन्छ ।
- कन्ट्याक्टहरुको खोज पड्ताल, अन्तर्वार्ता र फलो अप कार्य तल उल्लेखित लक्षित कन्ट्याक्टहरुमा सिमित गर्न सकिन्छ, जस्तै-
    - घरका सबै सदस्यहरु
    - भीड र बन्द कोठामा ( होटल, बैठक, जेल, होस्टेल आदि) रहेका नजिकको सम्पर्कहरु (२ मिटर भन्दा कम दुरीमा बिना मास्क १५ मिनेट भन्दा बढी)
    - बिवाह, भोज जस्ता सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरुमा नजिकको सम्पर्कमा रहेकाहरु (२ मिटर भन्दा कम दुरीमा बिना मास्क १५ मिनेट भन्दा बढी)

**कन्ट्याक्टको अन्तर्वार्ता:**

- सन्क्रमित ब्यक्तिको अन्तर्वार्ता पछि पहिचान भएका लक्षित कन्ट्याक्टहरुलाई ४८ घण्टा भित्र सम्पर्क गरि अन्तर्वार्ता लिनु पर्दछ ।

- सके सम्म प्रत्यक्ष अन्तर्वाता गर्ने, यदि प्रत्यक्ष भेटघाट  गर्ने सम्भावना नभएमा फोन वा अन्य भर्चुअल माध्यमबाट अन्तर्वार्ता लिने, फारममा विवरण भर्ने र स्वास्थ्य सम्बन्धी परामर्श दिने ।
- निस्चित केशको सम्पर्कमा आएको कन्ट्याक्टहरुलाई ५ देखि ७ दिन भित्र परीक्षण गर्ने, यदि कोभिड-१९ को लक्षण देखिएमा तुरुन्त टेस्ट गर्न परामर्श दिने ।
- परीक्षणको नतिजा जेसुकै आएता पनि १० दिन सम्म अनिवार्य घरमै एकान्तबासमा बस्ने र यदि स्वास्थ्यमा कठिनाई देखिएमा तुरुन्त अस्पताल जाने अथवा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्न सल्लाह दिने

**कन्ट्याक्ट फलो अप:**

- नजिकको कन्ट्याक्टलाई १० दिन सम्म (३, ७, १० दिन) अनिवार्य फलो अप गर्ने ।
- फोन वा अन्य भर्चुअल माध्यमबाट अन्तर्वार्ता लिन सकिन्छ ।
- लक्षित नजिकका कन्ट्याक्टहरुमा फलो अप कार्य निम्न अनुसार प्राथमिकतामा राखेर गर्न सकिन्छ
    - नजिकका कन्ट्याक्टहरु जो बढी सम्पर्कमा (high exposure) आएकोले संक्रमणको उच्च जोखिममा छन् जस्तै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी आदि ।
    - बढी जोखिममा रहेका नजिकका कन्ट्याक्टहरु (६० बर्स भन्दा माथिका बृद्ध, दिर्घरोगीहरु, गर्भवती महिलाहरु आदि) जसमा यो रोगले जटिल समस्या निम्त्याउन सक्छ र जस्लाई अस्पतालमा प्रेषण गर्नु आवश्यक हुन सक्छ ।

**अभिलेख र प्रतिबेदन:**

- समुदायमा सक्रमण फैलिएको अवस्थामा केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल कार्यलाई सहजीकरण गर्न डिजिटल मध्यम प्रयोग गर्न  बिश्व स्वास्थ्य संगठनले सिफारिस गरेको छ । तसर्थ केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल कार्यबाट आएको तथ्यांकलाई IHMIS को Information Management Unit (IMU) मा अभिलेखन र प्रतिबेदन गर्नु पर्छ ।